जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २५९ • २०८३ असार २५ गते विहिवार • 9 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# असारे विकास बजेटको नालीबेली

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ असार**

जनकपुरधाम उपमहा नगरपालिका वडा नं. ९ रामानन्द चोक नजिकै साकेतनगरमा रहेको पक्की सडकको हाल यतिबेला असारे बजेट सिध्याउने नाममा जर्बजस्ती भत्काएर बेहाल बनाईएको छ । जसका कारण स्थानियबासी मात्र नभई यो सडक प्रयोग गर्ने धार्मिक पर्यटक, विद्यार्थी, बिरामीहरु समेत जर्बजस्ती सास्ती भोग्न बाध्य भएका छन् । दिनँहु २ पांग्रे तथा ४ पाँग्रे सवारीसाधन सडकमा जमेको हिलो खाल्डोमा नफसी सुखै छैन । सडकको अवस्था दुर्दशामा परिणत हुँदा यही सडकको बिच भागमा पर्ने एंजल्स बोर्डिङ स्कुलका नर्सरी देखि कक्षा १० सम्मका विद्यार्थीहरुले झनै सोच्दै नसोचेको दुःख व्यहोर्न बाध्य छन् ।



वर्षाको बेला सडक भत्काईदा थोरै पानी परेपनि खाल्डाखुल्डीमा हिलो तथा पानी जम्दा विद्यार्थीहरु जुत्तामोजा खोलेर हिड्न बाध्य हुन्छन भने कतिपय विद्यार्थी सडकको हाल देखेर बिच बाटोबाटै विद्यालय नै नगई घर फर्किने अवस्था सिर्जना भएको छ । साना नानीबाबुलाई अभिभावकले विद्यालय गेट सम्म पुऱ्याउन भोग्ने सास्ती कम कहाली लाग्दो छैन । विद्यालयका प्रधानाध्यापक कामेश्वर यादव भन्छन,'विकास निर्माणको काम नै गर्ने हो भने यो वर्षा लागेपछि गर्नु एक त गुणस्तरीय काम नहुनु भन्ने केन्द्रित हुन्छ भने र अर्कातर्फ मनसुन शुरु भएपछि पानी पर्ने भर हुदैंन अनि भएको राम्रो सडक भत्काईदा स्थानियलाई जर्बजस्ती सास्ती भोग्न बाध्य पार्नु जस्तै हो ।' उनी सुझाव दिदै भन्छन,'अहिले त दुई तिहाई बहुमतको सरकार छ, यो सरकारले यस्ता विकृति उन्मुख र परम्परा बनिसकको यो कार्यलाई अविलम्ब रोक्न सक्नुपर्छ ।'

प्रअ यादवका अनुसार यो सडककै कारण धेरै विद्यार्थी अनुपस्थित हुने अवस्था सिर्जना भएको छ भने शिक्षकशिक्षिका समेत सडककै कारण प्रताडित हुने अवस्थामा पुगेका छन् । विद्यालय मात्र हैन यही सडकमा पर्ने जनकपुर मोडेल अस्पतालमा उपचारका लागि आउने विरामीहरुको अवस्था पनि उही विद्यार्थी भन्दा कम पिडादायी छैन । गर्भवतीलाई उपचार गराउन जनकपुर १९ कुर्थाबाट आएकी आफन्त रमिला देवीले गुनासो गर्दै भनिन,'यति राम्रो पक्की सडक बिना कारण भत्काईएको छ, ढल निकासकै लागि सडकको बिचमा ह्युम पाईप राख्नु थियो भने, पक्की सडक निर्माण नगर्दै राख्नुपर्थ्यो नि ।' एकचोटी बनाउने, अनि फेरी अर्को बहानमा उही सडक भत्काउने अनि फेरी बनाउने यो सबैमा कमिसन अनि घुस लेनदेन गर्ने थलो हो ।'

यही सडक खण्डमा पर्ने डा. रामज्ञान यादवको निजी क्लिनिक निकै भिडभाड हुने अस्पताल मध्य एक हो । यहाँ दिनहु सैंयौ बिरामी उपचार सेवा लिन आउने गर्छन । 'बिरामी भएपछि उपचार गराउनै पर्यो नि,' कपिलेश्वरबाट क्लिनिक आउदै गर्दा सोही बाटोमा भेटेका रामसेवक कोईरीले भने,'केही दिन अघि आउदा यो पक्की सडक कति राम्रो थियो, अहिले किन भत्काईदिएको होला भनि कौतुहलता प्रकट गरे ।' उनले थपे-'जेठ, असार महिना आउनै हुदैंन, यो समयमा विकास निर्माणको कामले तिब्रता त लिन्छ, तर यो काम सरकारी बजेट खर्चिने र जनताको आँखामा छारो हाल्ने काम मात्र गरेको छ ।' उनले अहिले विभिन्न क्षेत्रका सडकहरु पक्की, ग्राभेलको नाममा कनिका जस्तै बजेट खर्चिने गरेको अनुभव सुनाए । मधेश सरकारले पूर्वाधार मन्त्रालय मार्फत यो सडकको पक्की भाग उप्काउने अन्डर ग्राउण्ड गरेर हयुम पाईप राखेर ढल निकासी तथा सडक साईड चेम्बर निर्माणको लागि आर्थिक वर्षको अन्तिम समय जेठमा टेण्डर आव्हान गरेको थियो । ईविडिङ मार्फत आव्हान गरिएका यो कामको ठेक्का मानवी कन्ट्रक्सन जनकपुरले ठेक्का हात पार्यो । कन्ट्रक्सनका म्यानेजर बिपिन महराले १३ परसेन्ट लो बिडिङमा ठेक्का प्राप्त गरेको बताए । पूर्वाधार मन्त्रालयले यो सडकको ढल निकासीको लागि १ सय ६७ मिटर लम्बाईको कामको लागि ३० लाख बजेट छुट्याएको छ । ठेक्का प्राप्त गरेसंगै गत जेठ ६ गते कन्ट्रक्सनले स्थानियबासीसंग कुनै सहकार्य र सूचना नदिई एक्कासी डोजर ल्याएर पक्की सडक उप्काउन थालेपछि आफुहरुले विरोध गरेको स्थानिय नवलकिशोर कर्णले सुनाउदैं भने-'भएको राम्रो सडक उप्काउने त्यसपछि के काम गर्ने, ढल निकासीको काम मात्र गर्ने कि सडक पनि बनाउने त्यसको जवाफ स्पष्ट जवाफ थाहा नपाएपछि हामीहरुले विरोध गरेको हौ ।'

सरकारको विकास निर्माण गर्ने शैली उही परम्परागत भएकाले जनताले पनि दुःख पाए, संगै सरकारी बजेट त्यसै खेर जाने गरेको स्थानिय प्रभाष झाले गुनासो गर्दै भने-'यही ढल निकासीको कामहरु पक्की सडक निर्माण पूर्व गर्नुपर्थेन, अहिले त्यसमा लगानी गरिएको लाखौं रुपैंया

बांकी पृष्ठ ३ मा ।




# मठमन्दिरको संरक्षणका लागि ९ सदस्यीय समिति गठन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ असार**



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्रभित्र रहेका गुठी जग्गा, जानकी मन्दिर परिसर, पोखरी तथा ऐतिहासिक मठमन्दिरको संरक्षणका लागि ९ सदस्यीय कार्यान्वयन समिति गठन गरेको छ ।

मन्त्रालयले विगतमा विभिन्न अध्ययन, आयोग तथा कार्यदलले दिएका सुझावलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जनकपुरधाम उपमहानगरपालिका भित्र रहेका गुठी सम्पत्तिको संरक्षण र व्यवस्थापनलाई व्यवस्थित बनाउन समिति गठन गरिएको जनाएको छ । गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा गठित समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख, नापी कार्यालय धनुषाका प्रमुख तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रमुखलगायत सदस्य रहेका छन् ।

समितिलाई जानकी मन्दिर, विभिन्न मठमन्दिर, पोखरी, पोखरीका डिल तथा अन्य गुठी जग्गामा भएको अतिक्रमण हटाई संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरू
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# प्रमाणको आधारमा न्याय हुनुपर्छ

*नागरिक अधिकारको सम्मान गर्नु भनेको लोकतन्त्रको आत्मा रहेको देखिन्छ । प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न, आफ्नो विचार व्यक्त गर्न, निष्पक्ष सुनुवाइ प्राप्त गर्न तथा कानुनी संरक्षण पाउने अधिकार हुन्छन । कुनै व्यक्ति निर्दोष हुँदाहुँदै पनि अनुसन्धान वा सुनुवाइको नाममा लामो समयसम्म थुनामा बस्न बाध्य भयो भने त्यो केवल उसको व्यक्तिगत क्षतिमात्र हुँदैन, सम्पूर्ण न्याय प्रणालीको कमजोरीको संकेत पनि रहेको देखिन्छ । त्यस्तो अवस्थाले नागरिकको राज्यप्रतिको विश्वास कमजोर बनाउँछन । लोकतान्त्रिक राज्यको दायित्व नागरिकमा विश्वास र सुरक्षाको अनुभूति जगाउनु हो, भय र असुरक्षा पैदा गर्नु होइन । चर्चित व्यक्तिहरूलाई पक्राउ गर्ने, अनुसन्धान गर्ने तथा विभिन्न आरोप सार्वजनिक गर्ने क्रम बढेको देखिन्छ ।*

*यस्ता घटनाले तत्काल सार्वजनिक चर्चा र राजनीतिक बहस सिर्जना गर्न सक्लान्, जनतामा सरकार भ्रष्टाचार विरुद्ध सक्रिय रहेको सन्देश पनि जान सक्ला, तर केवल प्रचारात्मक प्रभावका लागि गरिएका कारबाहीले दीर्घकालीन रूपमा न्याय प्रणालीको विश्वसनीयतामा प्रश्न उठाउने देखिन्छ । यदि ठूलो हल्लाखल्लाका बीच पक्राउ गरिएका व्यक्तिहरू विरुद्ध अन्ततः पर्याप्त प्रमाण प्रस्तुत गर्न नसकेमा त्यसले राज्यको निष्पक्षतामाथि नै गम्भीर प्रश्न खडा हुने देखिन्छ । त्यसैले कुनै पनि कारबाही प्रमाण, कानुन र न्यायको आधारमा हुनुपर्दछ, जनमत प्रभावित गर्ने उद्देश्यले मात्र नहुने देखिन्छ ।*

# (इ-रिक्सा) ले यात्रुबाट लिने भाडा बढाए

**जलेश्वरटुडे समाचारदाता**
**राजविराज, २४ असार**

नेपाल आयल निगमले इन्धनको मूल्य घटाएको एक साताभन्दा बढी समय बितिसकेको छ । सामान्यतया इन्धनको मूल्य घट्दा यातायात खर्चमा राहत महसुस हुने अपेक्षा हुन्छ । तर सप्तरीको राजविराजमा त्यसको विपरित अवस्था छ ।

डिजेल वा पेट्रोलमा निर्भर नभइ विद्युत् (ब्याट्री) बाट सञ्चालन हुने सिटी रिक्सा (इ-रिक्सा) ले यात्रुबाट लिने भाडा उल्टै बढाएको छ । पहिले प्रतिव्यक्ति न्यूनतम २० रुपियाँ लिइँदै आएको लोकल भाडा अहिले ३० रुपियाँ पुर्याइएको छ ।




आधिकारिक निर्णय वा स्थानीय तहको स्वीकृतिबेगर नै अधिकांश सिटी रिक्सा चालकले डेढ गुणासम्म भाडा असुल्न थालेपछि यात्रुहरू मारमा परेका छन् । बढ्दो आर्थिक भारः राजविराज-७ की दुर्गादेवी नियमित रूपमा सिटी रिक्सामा यात्रा गर्नुहुन्छ । उहाँका अनुसार पहिले पहिलो स्टेन्डसम्म २० रुपियाँ तिर्नुपर्थ्यो, अहिले त्यही दूरीका लागि ३० रुपियाँ तिर्नुपर्छ । स्थानीय रफिद रहमान पनि चालकले कुनै सूचना वा निर्णयबिनै मनपरी ढङ्गले भाडा बढाएको बताउनुहुन्छ । "पहिलेको भन्दा दूरी उस्तै छ, सेवा उस्तै छ तर भाडा भने बढाइएको छ" उहाँले भन्नुभयो । दैनिक रूपमा छोटो दूरीमा यात्रा गर्ने सर्वसाधारणका लागि १० रुपियाँको वृद्धि सानो देखिए पनि दिनहुँको खर्च जोडिँदा त्यसले आर्थिक असर पारिरहेको उनीहरूको भनाइ छ । इन्धन मूल्यको प्रभाव छैनः अधिवक्ता डोमन साहका अनुसार विद्युत्बाट सञ्चालन हुने सिटी रिक्सा टेम्पोलाई पेट्रोलियम पदार्थको मूल्य घटबढले प्रत्यक्ष असर पार्दैन ।

त्यसैले इन्धनको मूल्यवृद्धि वा महँगीलाई आधार बनाएर डेढ गुणासम्म भाडा बढाउनु न्यायोचित नहुने उहाँको तर्क छ । उहाँले भन्नुभयो, "यदि सञ्चालन खर्चमा केही वृद्धि भएको हो भने त्यसका आधारमा निश्चित प्रतिशत भाडा समायोजन गर्न सकिन्थ्यो । तर कुनै अध्ययन वा आधिकारिक निर्णयबिनै डेढ गुणासम्म भाडा बढाउनु उपयुक्त देखिँदैन ।" निर्णयबिनै भाडा असुलीः सप्तरीमा पाँच हजारभन्दा बढी सिटी रिक्सा सञ्चालनमा रहेको बताउँदै अखिल नेपाल ट्रेड युनियन महासंघ, मधेश प्रदेशका अध्यक्ष केदार देवले भाडा वृद्धि गर्ने कुनै आधिकारिक निर्णय नभएको जानकारी दिनुभयो । उहाँका अनुसार लोकल रुटको स्वीकृत भाडा अझै २० रुपियाँ नै भए पनि अधिकांश चालकले ३० रुपियाँ असुलिरहेका छन् ।

# पुरानो जग्गा विवादले उग्र रूप लिँदा चक्कु प्रहारबाट एक जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २४ असार**

रौतहटको ईशनाथ नगरपालिका-३ औरैयामा पुरानो जग्गा विवादले उग्र रूप लिँदा चक्कु प्रहारबाट एक जनाको मृत्यु भएको छ भने एक वृद्ध घाइते भएका छन् । घटनामा संलग्न भएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता वसन्त गौतमका अनुसार मंगलबार राति करिब ८:१५ बजे स्थानीय ८० वर्षीय रामबहादुर साह, उनका ६० वर्षीय छोरीज्वाइँ बुटन साह तथा ६३ वर्षीय रामऔतार साह र उनका २६ वर्षीय छोरा राममहेश्वर साहबीच पुरानो जग्गा विवादलाई लिएर विवाद भएको थियो ।

विवाद चर्किएपछि हात हालाहालको अवस्था सिर्जना भएको र सोही क्रममा राममहेश्वर साहले बुटन साहमाथि चक्कु प्रहार गरेका थिए । ढाडमा गम्भीर चोट लागेका साहलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल गौर लगिए पनि उपचारकै क्रममा राति करिब ९:०५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए । घटनाका क्रममा रामबहादुर साहको टाउकोमा समेत चोट लागेको प्रहरीले जनाएको छ । उनको स्थानीय मेडिकलमा उपचार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ । घटनालगत्तै प्रहरीले चक्कु प्रहारका आरोपित राममहेश्वर साह र झडपमा संलग्न रहेका उनका बुवा रामऔतार साहलाई नियन्त्रणमा लिएको छ । घटनास्थलबाट आवश्यक प्रमाण सङ्कलन गरिएको र घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानअनुसार पुरानै जग्गा विवादका कारण घटना भएको देखिएको छ । प्रहरीले घटनाका सबै पक्षबारे विस्तृत अनुसन्धान भइरहेको जनाएको छ ।



सूचना । सूचना ।। सूचना ।।।

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं । राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**जनकपुरधाम धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

**मेषः** अनावश्यक खर्चको संभावना
**वृषः** पिछडेको साथी मिल्ने
**मिथूनः** लामो यात्राको योग छ
**कर्कटः** विचार गरेर बोल्नुहोला
**सिंहः** मित्रतामा फाटो आउने
**कन्याः** पढाईमा ध्यान दिनुपर्ने
**तुलाः** अशुभ समाचार प्राप्त हुने
**वृश्चिकः** खानपानमा समस्या आउने
**धनुः** अनावश्यक चिन्ता
**मकरः** मनमा पछुतो आउने
**कूम्भः** आम्दानी हुने
**मीनः** शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कमला नदीमाथि निर्माणाधीन पुल १५ वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेन



जलेश्वरटुडे समाचारदाता
धनुषा, २४ असार

धनुषा-सिरहा हुलाकी सडक अन्तर्गत कमला नदीमाथि निर्माणाधीन पुल १५ वर्ष बितिसक्दा पनि सम्पन्न हुन नसक्दा स्थानीयवासीले अझै जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनुपरेको छ। पटकपटक ठेकेदार परिवर्तन, म्याद थप, बाढीबाट भएको क्षति र बजेट अभावका कारण पुल निर्माण लामो समयदेखि अलपत्र परेको हो ।

पूर्वी मधेशलाई जनकपुरधामसँग सिधा जोड्ने महत्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको यो पुल निर्माण नहुँदा वर्षायाममा नदीमा पानी बढेपछि स्थानीय डुङ्गाको भर पर्न बाध्य छन्। पानी कम भएका बेला भने ढुङ्गा वा बाँसको अस्थायी संरचना प्रयोग गरेर नदी पार गर्नुपर्ने अवस्था रहेको छ। २०६८ साल जेठमा भएको ठेक्का सम्झौताअनुसार २०७१ साल मंसिरभित्र पुल निर्माण सम्पन्न हुनुपर्ने थियो । तर, निर्माण कम्पनीको लापरवाही र विभिन्न प्रशासनिक तथा प्राविधिक समस्याका कारण निर्धारित समयमा काम सम्पन्न हुन सकेन । स्थानीय देबु राउतका अनुसार पुल नबन्दा हरेक यात्रा जोखिमपूर्ण बनेको छ। उनले निर्माणमा ढिलाइ हुनुमा ठेकेदार नै मुख्य जिम्मेवार रहेको आरोप लगाए ।

लोहारपट्टी नगरपालिका निवासी सीताशरण ठाकुरले सिरहा जाने छोटो मार्ग भएकाले जोखिम हुँदाहुँदै पनि यही बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको बताए । वर्षौंदेखि पुल छिट्टै बन्ने आश्वासन सुन्दै आएको भए पनि अवस्था नफेरिएको उनको गुनासो छ । निर्माणको जिम्मा सुरुमा पप्पु कन्स्ट्रक्सनलाई दिइएको थियो । काम अलपत्र परेपछि २०७६ सालमा उक्त कम्पनीलाई हटाएर लुम्बिनी बिल्डर्सलाई जिम्मेवारी दिइयो । तर, २०७८ सालमा आएको बाढीले पुलका दुई पिलरको जगमा क्षति पुर्‍याएपछि निर्माण फेरि प्रभावित भयो । त्यसपछि निर्माण कम्पनीबीचको विवाद र बजेट अभावले काम थप सुस्त बनाएको छ । पुल निर्माण सुरु भएयता चार वटा संघीय निर्वाचन सम्पन्न भइसकेका छन् । प्रत्येक निर्वाचनमा नेताहरूले कमला पुललाई प्रमुख चुनावी एजेन्डा बनाउँदै छिट्टै निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाए पनि ती प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन नसकेको स्थानीयको आरोप छ । स्थानीय काशी साफीले चुनावका बेला पुल निर्माणको आश्वासन दिएर मत माग्ने नेताहरू निर्वाचनपछि फर्केर नहेर्ने गरेको बताए । अर्का स्थानीय रामसागर पण्डितले आफ्नो जीवनकालमै पुल सञ्चालनमा आउने वा नआउने अन्योल रहेको भन्दै सरकारको उदासीनताप्रति असन्तुष्टि व्यक्त गरे। कमला पुल निर्माणलाई गति दिन गठन गरिएको संघर्ष समितिले संघीय र प्रदेश सरकारसँग पटकपटक पहल गर्दै आएको छ। समितिका संयोजक इन्जिनियर प्रवीण यादवका अनुसार प्रदेश सरकारले २०८१ मंसिरभित्र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी बजेट सुनिश्चित गर्ने सहमति गरेको भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन ।

उनले प्रदेश सभाका सभामुखलाई ज्ञापनपत्र बुझाएर निर्माणका लागि तत्काल बजेट व्यवस्था गर्न माग गरिएको स्मरण गराउँदै आश्वासनबाहेक ठोस प्रगति नदेखिएको बताए। कमला पुल समयमै सम्पन्न हुन नसक्दा स्थानीयवासी, यात्रु र व्यवसायीले दैनिक सास्ती खेपिरहेका छन् ।

निर्माणमा भएको ढिलाइले यातायात, व्यापार, सेवा प्रवाह र समग्र जनजीवनमा प्रत्यक्ष असर परेको छ। पटकपटक म्याद थपिए पनि पुल सञ्चालनमा आउन नसक्दा निर्माण व्यवस्थापन र सरकारी निगरानीमाथि प्रश्न उठेको छ । स्थानीयवासीले अब थप आश्वासनभन्दा पनि निर्माण कार्यलाई तीव्रता दिई कमला पुल यथाशीघ्र सञ्चालनमा ल्याउन सरकारसँग माग गरेका छन् ।

# एक महिलाको शव फेला

जलेश्वरटुडे समाचारदाता
सिरहा, २४ असार

सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकामा एक महिलाको शव फेला परेको छ । लक्ष्मीपुर पतारी-३ महेशपुर निवासी ४० वर्षीया रञ्जुदेवी यादवको शव बुधबार बिहान गाउँपालिकाको वडा नम्बर ५ र ६ जोड्ने सरस्वती खोलाको उत्तरी किनारमा भेटिएको हो ।

स्थानीय अजय यादव भैँसी चराउन जाने क्रममा शव देखेपछि परिवारका सदस्य र प्रहरीलाई जानकारी गराएका थिए । सूचना प्राप्त हुनासाथ घटनास्थल पुगेको प्रहरीले आवश्यक मुचुल्का तयार गरी शव पोस्टमार्टमका लागि रामकुमार उमाप्रसाद स्मारक अस्पताल लहान पठाएको जनाएको छ ।

मृतकका बुबा हरिदेव यादवका अनुसार रञ्जुदेवी केही समयदेखि मानसिक समस्याबाट पीडित थिइन् र उपचारका क्रममा माइतीघर लक्ष्मीपुर पतारी-५ पथलगडामै बस्दै आएकी थिइन् । मानसिक अवस्थाका कारण उनी कहिलेकाहीँ घरबाट निस्किने र कहाँ जाने भन्ने निश्चित नहुने गरेको उनले बताए । प्रहरीका अनुसार घटनाको प्रारम्भिक अनुसन्धानबाट मृत्युको कारण खुल्न सकेको छैन । पोस्टमार्टम रिपोर्ट र थप अनुसन्धानपछि मात्र घटनाको वास्तविक कारण खुल्ने भएकाले यसबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।


## सूचना !     सूचना !!     सूचना !!!

समयमै विद्युत महशुल तिरी अनावश्यक लाईन काटिने झण्झटबाट बचौं ।

बिद्युत चुहावट नियन्त्रण अभियानमा सहभागी बनौं ।

**नेपाल विद्युत प्राधिकरण**
**जनकपुरधाम (क्याम्पस चौक) वितरण केन्द्र**
**मधेश प्रदेश, धनुषा**


# करिब एक दर्जन होटल तथा मिठाई पसल कारबाहीमा



जलेश्वरटुडे समाचारदाता
सर्लाही, २४ असार

मधेश प्रदेश सरकारले होटल तथा खाजा घरमा खाद्य गुणस्तर र सरसफाइको अवस्था जाँच गर्न थालेको अनुगमन अभियानअन्तर्गत सर्लाहीका करिब एक दर्जन होटल तथा मिठाई पसल कारबाहीमा परेका छन् ।

गुणस्तरहीन खाद्य सामग्री प्रयोग गरेको, भान्सा अस्वच्छ राखेको र उपभोक्ताको स्वास्थ्यमा असर पर्ने गतिविधि गरेको पाइएपछि ती होटलहरूलाई जरिवाना गरिएको हो । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा स्थानीय प्रशासन, प्रहरी तथा प्राविधिक टोलीसहित मंगलबार सर्लाहीका विभिन्न क्षेत्रमा होटल तथा खाजा घरको अनुगमन गरिएको थियो ।

अनुगमन टोलीले लालबन्दी, हरिवन, नयाँरोड, बागमती, बरहथवा लगायतका क्षेत्रमा रहेका होटल, खाजा घर तथा फास्टफुड पसलको निरीक्षण गरेको थियो । मन्त्री महतो स्वयं अनुगमनमा सहभागी हुँदै होटलका भान्सा, खाद्य सामग्री भण्डारण गर्ने स्थान र खाना पकाउने अवस्थाको निरीक्षण गरेका थिए। अनुगमनका क्रममा अधिकांश होटलमा सरसफाइको कमी, गुणस्तरहीन खाद्य सामग्रीको प्रयोग, पटकपटक प्रयोग गरिएको तेलबाट खाना पकाउने तथा मापदण्डविपरीत खाद्य वस्तु बिक्री गर्ने गरेको भेटिएको टोलीले जनाएको छ ।

स्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि गरेको पाइएपछि करिब एक दर्जन होटल तथा मिठाई पसललाई कारबाही गरिएको छ । कारबाहीस्वरूप ४ लाख ३७ हजार रुपैयाँ जरिवानासमेत असुल गरिएको सर्लाही प्रशासनले जनाएको छ । त्यस्तै, केही होटल तथा खाजा घरलाई सुधारका लागि चेतावनी दिइएको छ। अनुगमनका क्रममा प्रयोग गर्न नमिल्ने तेल, अखाद्य खाद्य सामग्री तथा बिग्रन थालेका तरकारी नष्ट गर्न लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जानकारी दिए । अनुगमनका क्रममा केही होटल सञ्चालकसँग सामान्य विवादसमेत भएको थियो । तर, उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकाले मापदण्ड पालना गराउन कुनै सम्झौता नगर्ने मन्त्री महतोले बताए । उनले होटल व्यवसाय व्यवस्थित, स्वच्छ र सुरक्षित बनाउन प्रदेशभर अनुगमनलाई निरन्तरता दिइने बताए। 'नागरिकले पैसा तिरेर स्वस्थकर खाना पाउने अधिकार राख्छन् । उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने कार्य स्वीकार्य हुँदैन,'मन्त्री महतोले भने । प्रदेश सरकारको लक्ष्य मधेशका करिब ६४ लाख नागरिकलाई सुरक्षित र गुणस्तरीय खाद्य सेवा उपलब्ध गराउने रहेको भन्दै उनले होटल तथा खाद्य व्यवसायीलाई आवश्यक मापदण्ड पूरा गरेर व्यवसाय सञ्चालन गर्न आग्रह गरे ।

## असारे विकास बजेटको.......................................

बालुवामा पानी हाले सरह भएन र ?' ७१/७२ सालमा यो सडक निर्माणमा ६० लाख बढी रकम सरकारले खर्चिएको स्थानियले बताए । अब फेरी यो सडक पक्की बनाउनै पर्छ, त्यति नै रकम पुनः सरकारी कोषबाट खर्च हुन्छ । यस्तो दुरुपयोग रोक्न खोई सरकारको ध्यान पुगेको स्थानिय खेलकुदकर्मी नविन सिंहले बताए ।

यस्तो पक्की सडकको आधा भाग मात्रै उप्काएर ढल निकासीको लागि हयूम पाइप राख्दा वर्षामा सडकमा जम्ने पानीको समस्या समाधान होला त भन्ने प्रश्नमा यसै वडाका वडाध्यक्ष परमेश्वर साहले यो प्रदेश सरकारको बजेट भएकाले स्थानिय तहले केही गर्न नसक्ने बताए ।

उनले भने-'यो कामको लागि मन्त्रालयले चिट्ठी काटेर आफुहरुलाइ जानकारी गराएको हो, यसमा हामी केही गर्न सक्दैनौ । एकजना स्थानियले नाम उल्लेख नगर्ने शर्तमा भने-'विगतमा उपभोक्ता समिति बनाएर विकास निर्माणको काम गर्ने अनि आफु अनुकुल खाने खुवाउने बानी परेका केही व्यक्ति जो, यो विकास निर्माणबाट प्रत्यक्ष लाभान्वित आफैं हुने हो, त्यसले पनि यही काम गर्ने ठेकेदारसंग रकम माग गर्छ।' मागेको रकम नदिदा केही व्यक्तिहरुलाई परिचालन गरेर कामै हुन नदिएको उनले दाबी गरे। यस विषयमा वडा सदस्य बद्रीनारायण मल्लिकले भने-'आफुले पनि गाईगुइ सुनेको भएपनि स्पष्ट थाहा छैन् ।'

आर्थिक वर्षको अन्तिम समयमा विकास निर्माणको कामले तिब्रता पाएपनि अनुगमन र नियमन नहुँदा अधिकांस निर्माणको काम गुणस्तरहिन हुने गरेको छ। संघिय, प्रदेश र स्थानिय तह बिच समन्वय नहुँदा एउटै विकास निर्माणका तिनै तहबाट हुने र आ-आफ्ना योजना देखाएर ति सबै रकम भ्रष्टाचार हुने गरेको पनि स्थानियको बुझाई छ ।


## पर्यटनलाई प्रवर्द्धन गरौ

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरब मात्र नभई आर्थिक समृद्धिको श्रोत पनि हुन। यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौ । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौ। स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौ। हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटनहरुसँग मैत्रीपूर्ण व्यवहार गरौ । पर्यटक हाम्रा पाहुना हुन । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौ ।

**मधेश प्रदेश सरकार**
**उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम धनुषा**

# ज्योतिरीश्वर ठाकुर र विद्यापतिको अवहट्ट लेखनबारे भाषाबैज्ञानिकको दृष्टिकोण जान्न खोज्दा..........

-मैले ज्योतिरीश्वर ठाकुर र विद्यापतिको अवहट्ट लेखनबारे भाषाबैज्ञानिकको दृष्टिकोण जान्न खोज्दा यस्तो जवाफ पाएको छ ।

भाषावैज्ञानिकहरूको दृष्टिमा ज्योतिरीश्वर ठाकुर रचित 'वर्ण रत्नाकर' को भाषाबारे दुई प्रमुख मत पाइन्छ । मुख्य र सर्वाधिक स्वीकृत मत : अधिकांश भाषावैज्ञानिक (जस्तै George Abraham Grierson, Radhakrishna Choudhary nufot) का अनुसार वर्ण रत्नाकर प्रारम्भिक मैथिली (Old/Proto Maithili) मा लेखिएको गद्यग्रन्थ हो । यसलाई मैथिली भाषाको सबैभन्दा पुरानो गद्यकृति मानिन्छ । वैकल्पिक भाषावैज्ञानिक मत: केही विद्वानले यसको भाषा अवहट्ट (Avaha??a) हो भन्छन्। उनीहरूको तर्कमा यो शुद्ध आधुनिक मैथिली नभई अवहट्टबाट विकसित हुँदै गरेको प्रोटो-मैथिली को रूप हो । त्यसैले यसलाई अवहट्ट-प्रोटो मैथिलीको संक्रमणकालीन भाषा पनि भनिन्छ । Hemachandra लगायतका प्राचीन व्याकरणाचार्यहरूले अवहट्ट (Avaha??a) लाई अपभ्रंशको उत्तरकालीन रूप मानेका छन्। आधुनिक भाषाविज्ञानमा अवहट्टलाई अपभ्रंश र आधुनिक उत्तर भारतीय आर्य भाषाहरू ( मैथिली, बंगाली, असमिया, ओडिया, हिन्दी आदि) बीचको संक्रमणकालीन भाषा भनिन्छ । सरल रूपमा भन्नुपर्दा, अवहट्ट भनेको अपभ्रंशबाट विकसित भएर आधुनिक आर्य भाषाहरू जन्मिनुअघि प्रयोग भएको संक्रमणकालीन साहित्यिक भाषा हो। उद्‌गमस्थल: अवहट्ट कुनै एक गाउँ वा शहरमा जन्मिएको भाषा होइन। यसको विकास पूर्वी भारत र उत्तर भारतका मागधी तथा अर्धमागधी अपभ्रंश बोलिने क्षेत्रमा भएको मानिन्छ ।

यसको प्रमुख केन्द्रहरू:

मिथिला (हालको उत्तर बिहार र नेपालको तराईको केही भाग)

मगध (दक्षिण बिहार)

बंगाल ओडिशाको केही भाग मिथिलाका विद्वानहरूको योगदानका कारण अवहट्टको पूर्वी रूप विशेष रूपमा विकसित भयो । प्राचीनता भाषावैज्ञानिकहरूको सामान्य मत अनुसार:

प्रारम्भिक विकास: ९औँ-१०औँ शताब्दी उत्कर्ष: ११औँ-१३औँ शताब्दी आधुनिक आर्य भाषामा रूपान्तरण: १४औँ-१५औँ शताब्दी यस अवधिमा अवहट्टबाट मैथिली, बंगाली, असमिया र ओडियाजस्ता भाषाहरू क्रमश: स्पष्ट रूपमा अलग पहिचान बनाउन थाले ।

संस्कृत ? प्राकृत ? अपभ्रंश रु अवहट्ट रु आधुनिक आर्य भाषाहरू : यसले देखाउँछ कि अवहट्ट स्वतन्त्र रूपमा अचानक बनेको भाषा होइन; यो अपभ्रंशको अन्तिम विकासक्रम हो। अवहट्टको प्रयोग विशेषत :



लेखक : राकेश प्रसाद चौधरी

मिथिला, बिहार, बंगाल, असम

ओडिशाका केही भाग पूर्वी उत्तर प्रदेश सम्म फैलिएको थियो । धार्मिक साहित्य, काव्य, तान्त्रिक र दार्शनिक रचनाहरूमा यसको प्रयोग पाइन्छ । प्रमुख साहित्यकार Jyotirishwar Thakur – वर्ण रत्नाकर (यसको भाषाबारे विद्वानहरूमा अवहट्ट वा प्रारम्भिक मैथिली भन्ने दुवै मत पाइन्छ । )

Vidyapati – प्रारम्भिक कृतिहरूमा अवहट्टको प्रभाव देखिन्छ, यद्यपि उनका अधिकांश प्रसिद्ध पदहरू परिपक्व मैथिलीमा छन् । ७. भाषिक विशेषताहरू अपभ्रंशभन्दा सरल व्याकरण । संस्कृतका जटिल रूपहरूको लोप । आधुनिक मैथिली, बंगाली, असमिया र हिन्दीसँग मिल्ने शब्दरूपहरूको विकास । स्थानीय बोलीको प्रभाव धेरै । प्रमुख स्रोत Siddha-Hema-Sabdanusasana

George Abraham Grierson, Linguistic Survey of India .

Suniti Kumar Chatterji, The Origin and Development of the Bengali Language.

Sukumar Sen, History of Bengali Language and Literature.

Rahul Sankrityayan, भारतीय आर्य भाषाको इतिहाससम्बन्धी अध्ययन ।

महत्वपूर्ण टिप्पणी: आधुनिक भाषाविज्ञानमा "अवहट्ट" लाई कुनै एक मानकीकृत भाषा भन्दा पनि अपभ्रंश र नयाँ आर्य भाषाहरूबीचको संक्रमणकालीन भाषिक चरण का रूपमा बुझ्ने प्रवृत्ति बढी छ ।

भोजपुरी भाषीहरूले Vidyapati को अवहट्टलाई आफ्नो भाषा भनेर सामान्यतः दाबी गर्दैनन् । बरु, केही विद्वान वा सांस्कृतिक समूहले विद्यापतिको अवहट्टलाई पूर्वी आर्य भाषाहरू ( मैथिली, भोजपुरी, मगही आदि) को साझा भाषिक सम्पदा का रूपमा व्याख्या गर्छन् । त्यसैले भोजपुरीसँग यसको निकटता देखाइन्छ । यसको कारण अवहट्ट साझा पूर्वज हो अवहट्ट कुनै एक जाति वा भाषाको मात्र भाषा थिएन । यो अपभ्रंशबाट विकसित भएको संक्रमणकालीन भाषा थियो, जसबाट पछि मैथिली, भोजपुरी, मगही, बंगाली, असमिया आदि भाषाहरू विकसित भए । त्यसैले भोजपुरी भाषीले पनि त्यसलाई आफ्नो भाषिक इतिहाससँग जोडेर हेर्छन् । भौगोलिक निकटता मिथिला र भोजपुरी क्षेत्र एकअर्कासँग जोडिएका छन्। मध्यकालमा मानिस, साहित्य र संस्कृति एक क्षेत्रबाट अर्को क्षेत्रमा फैलिने भएकाले भाषामा समानता देखिन्छ । शब्द र व्याकरणको समानता विद्यापतिको अवहट्टमा प्रयोग भएका केही शब्द, क्रियारूप र वाक्य संरचना आजको भोजपुरीसँग पनि मिल्छन् । तर त्यस्ता धेरै विशेषताहरू मैथिलीसँग अझ बढी मेल खान्छन् ।

सांस्कृतिक अपनत्व पूर्वी भारतका धेरै भाषिक समुदायहरूले विद्यापतिलाई साझा सांस्कृतिक धरोहरका रूपमा सम्मान गर्छन् । यसलाई भाषिक स्वामित्वको दाबीभन्दा सांस्कृतिक निकटताको रूपमा बुझ्नु उचित हुन्छ । भाषावैज्ञानिक निष्कर्ष अधिकांश भाषाविज्ञहरूको मत अनुसार: विद्यापतिका मैथिली पदावली स्पष्ट रूपमा मैथिली हुन् । उनका अवहट्टमा लेखिएका ग्रन्थहरू ( जस्तै कीर्तिलता र कीर्तिपताका) उत्तरकालीन अपभ्रंश/अवहट्ट भाषामा छन्, जसमा पूर्वी आर्य भाषाहरूका साझा विशेषता देखिन्छन् ।

त्यसैले तिनलाई भोजपुरी मात्र वा मैथिली मात्र भन्नुभन्दा पूर्वी आर्य संक्रमणकालीन साहित्यिक भाषा भन्नु भाषावैज्ञानिक दृष्टिले बढी उपयुक्त मानिन्छ । यसैले, "विद्यापतिको अवहट्ट भोजपुरी हो" भन्ने दाबीलाई मुख्यधाराका भाषावैज्ञानिकहरूले स्वीकार गरेका छैनन् । बरु, अवहट्टलाई भोजपुरी, मैथिली र मगहीजस्ता भाषाहरूको साझा ऐतिहासिक आधारसँग सम्बन्धित संक्रमणकालीन भाषाका रूपमा व्याख्या गर्छन् ।

# 'हेलो सरकार' शाखाको अवलोकन तथा निरीक्षण

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २४ असार



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित 'हेलो सरकार' शाखाको अवलोकन तथा निरीक्षण गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मन्त्रिपरिषद्को बैठकपछि प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहसँगै आज मन्त्रीद्वय श्रेष्ठ र पौडेलले 'हेलो सरकार' शाखाको अवलोकन गर्दै गुनासो व्यवस्थापन प्रणाली, सेवा प्रवाह र गुनासो फर्स्यौटको अवस्थाबारे जानकारी लिनुभएको हो । अवलोकनका क्रममा दुवै मन्त्रीले हेलो सरकारमा आउने नागरिकका गुनासाबारे चासो व्यक्त गर्दै सम्बन्धित मन्त्रालयले गुनासा समयमै सम्बोधन गर्न तत्पर रहेको बताउनुभयो । उहाँहरूले नागरिकका प्रत्येक गुनासाप्रति गम्भीर हुन र प्रभावकारी समन्वयका साथ काम गर्न कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँहरूले गुनासोको सङ्ख्या बढ्दै जानुले वर्तमान सरकारप्रति नागरिकको विश्वास बढेको उल्लेख गर्दै प्राप्त गुनासा समयमै फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । मन्त्रालयसँग सम्बन्धित गुनासा छिटो सम्बोधनका लागि समन्वय संयन्त्रलाई थप प्रभावकारी बनाइने मन्त्रीद्वय श्रेष्ठ र पौडेलको भनाइ थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सञ्चालित 'हेलो सरकार' पछिल्लो समय सरकारी निकाय र नागरिकबिच संवादको प्रभावकारी केन्द्रीय प्लेटफर्मका रूपमा विकसित हुँदै गएको छ । सरकारको शासकीय सुधार सम्बन्धी सयदिने कार्यसूचीअनुसार हेलो सरकारलाई चौबिसै घण्टा सञ्चालनमा ल्याइएको छ । बहुच्यानल प्रणाली, आधुनिक प्रविधि तथा सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय हुने एकीकृत प्रणाली मार्फत गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउने काम अघि बढिरहेको छ । आगामी दिनमा कृत्रिम बौद्धिकता (एआई) मा आधारित प्रणाली मार्फत गुनासो दर्ता, सम्बन्धित निकायमा स्वचालित रूपमा पठाउने तथा प्रगतिको अवस्थाबारे सेवाग्राहीलाई नियमित जानकारी दिने व्यवस्था लागू गर्ने तयारीसमेत भइरहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार यही असार २४ गतेसम्म हेलो सरकार प्रणालीमा कुल एक लाख ३१ हजार ८७५ गुनासा तथा उजुरी प्राप्त भएका छन् । तीमध्ये करिब ७० प्रतिशत गुनासा फर्स्यौट भइसकेका छन् । वर्तमान सरकार गठन भएको गत चैत १३ गतेयता हेलो सरकारमा दर्ता हुने गुनासा तथा उजुरी ८३८ प्रतिशतले वृद्धि भएको छ । गत चैत १३ देखि असार २४ गतेसम्म यी गुनासा र उजुरी फर्स्यौट प्रक्रियामा ९७५ प्रतिशतले वृद्धि भएको छ ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

सूचना । सूचना ।। सूचना ।।।

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं । राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं ।

घरेलु तथा साना उद्योग कार्यालय
जलेश्वर महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday